# श्री मानकोट सिखेधारा सामुदायिक वन उपभोक्ता समूह,
## माण्डवी गा.पा.वडा नं. ४, प्यूठान ।
### काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना
प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०३/०३ गते

यस मानकोट सिखेधारा सामुदायिक वन उपभोक्ता समूह, माण्डवी गा.पा.४, प्यूठान को वनबाट उत्पादित यस समूह को घाटगद्दीमा कायम गरिएको लटमा निम्न परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, सङ्घ, संस्था, फर्म वा कम्पनीले यो सूचना **मेचीकाली राष्ट्रिय दैनिक** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन दिउसो ३:०० वजे भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | लट नं. | जात | किसिम | थान | ग्रेड | परिमाण | न्यूनतम दर रु | न्यूनतम मूल्य रु | कटान खर्च रु |
| १ | १ | खयर<br>खोटे सल्ला<br>खोटे सल्ला | गोलिया<br>गोलिया<br>गोलिया | २९३<br>५<br>३९ | —<br>A<br>B | ३६४.०१<br>७२.२२<br>२३०.६३ | १,०००।-<br>२५०।-<br>१५०।- | ४,१६,६६०।- | १,३३,३७२।- |

❖ **बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति, समय र स्थान**
(क) अन्तिम मिति: २०८३/०३/२३ गते
(ख) समय: दिउसो ५:०० बजेसम्म
(ग) स्थान : मानकोट सिखेधारा सा.व.उ.स., माण्डवी गा.पा.४,प्यूठान र डिभिजन वन कार्यालय, प्यूठान ।

❖ **बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान**
(क) अन्तिम मिति: २०८३/०३/२४ गते
(ख) समय: दिउसो ३:०० बजे सम्म
(ग) स्थान : मानकोट सिखेधारा सा.व.उ.स., माण्डवी गा.पा.४,प्यूठान र डिभिजन वन कार्यालय, प्यूठान ।

**शर्तहरु**

१. बोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लि., भिंगृ, प्यूठानको वैंकमा रहेको खाता नं. १८३००१०८११८४०६००००01 मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।
२. बोलपत्र फाराम प्रति लटको रु. १,०००।- पछि फिर्ता नहुने गरी तिरी यस मानकोट सिखेधारा सा.व.उ.स., माण्डवी गा.पा.४, प्यूठान र डिभिजन वन कार्यालय, प्यूठान बाट खरिद गर्न सकिनेछ ।
३. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र मानकोट सिखेधारा सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।
४. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले काठ दाउरामा आधारित सञ्चालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूची दर्ता प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, करदर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्र साथ पेश गर्नुपर्नेछ ।
५. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति.२०८३/०३/२४ गते दिउँसो ०४:०० बजे मानकोट सिखेधारा सा.व.उ.स., माण्डवी गा.पा.४,प्यूठान को कार्यालयमा साक्षीहरूको रोहवरमा खोलिने छ ।
६. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १५ (पन्द्रह) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।
७. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।
८. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।
९. उल्लेख हुन छुट भएको बुँदाको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।